कम्पनी दर्ता नं. : २०१२९२/०७५/०७६

इजाजतपत्र नं. ने.रा.बैंक/इ.प्रा./"घ"/८९/०७५/०७६

# स्वस्तिक लघुवित्त वित्तीय संस्था लि.

## SWASTIK LAGHUBITTA BITTIYA SANSTHA LTD.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था, प्रादेशिकस्तर (मधेश प्रदेश)

## (सातौं बार्षिक साधारण सभा सम्बन्धि सूचना

सुचना प्रकाशित मिति २०८३/०५/०४

आदरणीय शेयरधनी महानुभावहरु,

यहि मिति २०८३/०४/३० गते बसेको यस वित्तीय संस्थाको सञ्चालक समितिको ९७औं बैठकको निर्णयानुसार निम्न विषयहरु उपर छलफल गरि निर्णय गर्नको लागि सातौ बार्षिक साधारण सभा उल्लिखित मिति, समय र स्थानमा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**साधारण सभा हुने मिति, समय र स्थान**

मिति : २०८३/०५/२७ गते शनिबार, तदनुसार १२ सेप्टेम्बर २०२६ ।

समय: विहान ११:०० बजे ।

स्थान : विशाल होटल, लहान (सिराहा)

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव**

१.सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युले पेश गर्नुहुने आ व २०८१/८२ को बार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/८२ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु तथा सम्बन्धित अनुसुचिहरु छलफल गरि पारित गर्ने ।

३. बैंक तथा वित्तीय सस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०८२/०८३ का लागी लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

४. सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधीत्व हुनेगरि एकजना महिला सहित २ (दुई) जना सञ्चालकको निर्वाचन सम्बन्धमा ।

**(घ) विषेश प्रस्ताव**

१. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीका केही दफा/नियमहरुको संशोधन स्वीकृत गर्ने (जारी र चक्ता पजी बृद्धि गर्ने एवं अन्य दफा तथा नियमहरुमा आवश्यक संशोधन गर्ने) तथा उक्त प्रस्तावित संशोधनमा नियमनकारी निकायले फेरवदल गर्न सभ्काव वा निर्देशन दिएमा सो अनरुप आवश्यक संशोधन/परिमार्जन गर्न संचालक समिति वा संचालक समितिले तोकेको पदाधिकारीलाई अधिकार दिने ।

२. नियामक निकायले स्वीकृति प्रदान गरेमा १:२ अनपातमा हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा ।

३. वित्तीय सस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय सस्थालाई मर्जर/प्राप्ती (Merger/Acquisition) गर्न वा भई जान उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य गर्न संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने ।

४. सञ्चालकहरुको भत्ता तथा सुविधा परिमार्जन गर्ने सम्बन्धमा ।

**(ग) विविध**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**बार्षिक साधारण सभा सम्बन्धि सामान्य जानकारी**

१. सातौ बार्षिक साधारणसभामा भाग लिन ईच्छुक शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने फोटो सहितको आधिकारीक परिचय पत्र वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।

२ साधारण सभामा भाग लिन नसक्ने वा प्रतिनिधी नियुक्त गर्न चाहने शेयरधनीहरुले रीतपूर्वक प्रोक्सि फाराम भरि सभाहुनु भन्दा २४ घण्टा अगावै यस वित्तीय सस्थाको केन्द्रीय कार्यालय लहान, सिराहामा दर्ता गराउनुपर्ने छ। यसरी नियुक्ती गरिएको प्रतिनिधी यस सस्थाको शेयरधनी हुनुपर्ने छ । शेयरधनीहरुको विवरण अद्यावधिक गर्ने कार्यको लागि यहि मिति २०८३/०५/११ गते शेयर कारोबार बन्द **(Book Close)** गरिनेछ ।

३. शेयरधनी महानुभावहरुको सहजताको लागि साधारणसभा हुनुभन्दा कम्तिमा एक दिन पहिला नै सस्थाको वेवसाईटमा प्रस्तावित बार्षिक प्रतिवेदन पुस्तिका अपलोड गरिनेछ सोहि वेवसाईटको प्रयोग गरि बार्षिक प्रतिवेदन प्राप्त गर्नुहुनेछ भन्ने विश्वास लिईएकोछ। कुनै कारणवस उक्त पुस्तिका प्राप्त नभएमा सस्थाको केन्द्रीय कार्यालयबाट समेत प्राप्त गर्न सकिने छ ।

४. साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका विहान ९ बजे देखि २ बजे सम्म वा मतदान शुरु नभएसम्म वा साधारणसभा सम्पन्न नभएसम्म खुला रहने छ

५. शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको मन्तव्य तथा जिज्ञासाहरु सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष आफैले वा निजबाट अख्तियार पाएका व्यक्तिहरुबाट सामूहिक रुपले जवाफ दिइनेछ ।

६. छलफलका विषयहरु मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न ईच्छुक शेयरधनी महानुभावहरुले सभा शुरु हुनु भन्दा ७ (सात) दिन अगावै छलफल गर्नुपर्ने विषयहरु कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ। सो विषयलाई छलफलमा समावेश गरिएपनि निर्णयको रुपमा भने राखिने छैन ।

७. ससाधारण सभामा भाग लिन आउँदा जाँदा लागेको खर्च लगाएत अन्य कुनैपनि प्रकारको खर्चको शोधभर्ना यस वित्तीय सस्थाले नदिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

८. निर्वाचन कार्यतालिका साधारणसभा हुनु भन्दा २४ घण्टा अगावै संस्थाको वेवसाईटमा प्रकाशित गरिने छ, निर्वाचन सम्बन्धि अन्य व्यवस्था सस्थाको स्वीकृत, सञ्चालकहरुको निर्वाचन निर्देशिका २०७६ तथा निर्वाचन संग सम्बन्धित प्रचलित ऐन नियम बमोजिम हुनेछ ।


अन्य थप जानकारीका लागि केन्द्रीय कार्यालय लहान, सिराहामा कार्यालय समय भित्र टेलिफोन न. ०३३-५६३०६७ मा सोझै सम्पर्क राख्नुहुन वा संस्गाको आधिकारीक वेवसाईट www.swastikmicrofinance.com मा हेर्न वा इमेल ठेगाना info@swastikmicrofinance.com मा लेखि पठाउन वा कम्पनी सचीवलाई सम्पर्क गर्न सक्नुहुनेछ । धन्यवाद ।

# मुआब्जा न जग्गा फुकुवा, जग्गाधनी मर्कामा



झापा, । प्रस्तावित पूर्व-पश्चिम विद्युतीय रेलमार्गका लागि अधिग्रहण गरिएको जग्गाको मुआब्जा नपाउँदा स्थानीय जग्गाधनीहरू समस्यामा परेका छन् । उनीहरूले प्रचलित बजार मूल्यअनुसार अविलम्ब मुआब्जा दिन वा जग्गा फुकुवा गर्न माग गरेका छन् । सरकारले झापाको काँकरभिट्टादेखि सुनसरीको इनरुवासम्मको १२६.७५ किलोमिटर दुरीमा विद्युतीय रेलमार्ग निर्माण गर्न राष्ट्रिय गौरवको आयोजनाका रूपमा जग्गा अधिग्रहण गरेको थियो । यसका लागि सरकारले छ वर्षअघि २०७७ जेठ २४ र २७ गते सूचना जारी गरी मालपोत कार्यालयमार्फत हक हस्तान्तरण रोक्का गरेको थियो। पूर्व-पश्चिम रेलमार्ग मुआब्जा समन्वय समितिका केन्द्रीय सचिव ज्ञानेन्द्र निरौलाका अनुसार झापा, मोरङ र सुनसरीका चार हजारभन्दा बढी घरधुरीको पाँच हजार ४२४ कित्ता जग्गा रोक्का राखिएको छ। "जग्गा रोक्का गरिएको छ वर्ष बितिसक्दा पनि सरकारले न मुआब्जा दिन्छ, न त फुकुवा नै गर्छ", उहाँले भन्नुभयो, "सरकारको यस्तो नीतिका कारण हामी सर्वसाधारण ठुलो मर्कामा परेका छौं ।" रेलमार्गका लागि झापाको दुई हजार ४५७, मोरङको एक हजार ६६८ र सुनसरीको एक हजार ३२९ कित्ता जग्गा अधिग्रहण गरिएको छ । अधिग्रहण क्षेत्रमा मेचीनगर र बिर्तामोडका दुई वटा सिङ्गो बस्ती नै परेका छन् । रेलमार्ग क्षेत्रमा ५१२.६९ हेक्टर खेतीयोग्य जमिन, ५३.६१ हेक्टर नदी तथा जलक्षेत्र, ३३ हेक्टर आवासीय क्षेत्र, १९.६ हेक्टर वनजङ्गल र १६.८६ हेक्टर सडक सञ्जाल पर्दछ । अधिग्रहण गरिएको क्षेत्रमा रेल विभागले सीमाङ्कनसमेत गरिसकेको छ । जग्गा किनबेच, अंशबण्डा, बैङ्क धितो र हक हस्तान्तरणमा पूर्ण प्रतिबन्ध लगाइँदा जग्गाधनीहरूले आफ्नो निजी सम्पत्तिको उपयोग गर्न पाएका छैनन् । समन्वय समितिका सचिव निरौलाले पटकपटक सरकार र मन्त्रीहरू फेरिए पनि समस्या जस्ताको तस्तै रहेको बताउनुभयो । उहाँका अनुसार प्रभावितहरूले चलनचल्तीको मूल्यअनुसार उचित मुआब्जा दिनुपर्ने वा छ वर्षसम्म रोक्का राखिए बापत क्षतिपूर्तिसहित जग्गा फुकुवा गर्नुपर्ने माग राख्दै आएका छन् । रासस

# ४३ दिनपछि बस्दै कोशी प्रदेशसभाको बैठक



विराटनगर,। कोशी प्रदेशसभाको नवौं अधिवेशनअन्तर्गत २३औं बैठक ४३ दिनपछि आज बुधबार दिउँसो १ बजे बस्दैछ। गत असार २४ गते बजेट पारित गरेपछि स्थगित भएको बैठक आज पुनः बस्न लागेको हो। आजको बैठकमा सरकारले 'दलित अधिकारसम्बन्धी विधेयक' प्रदेशसभामा पेश गर्ने सम्भावना रहेको छ। यद्यपि, कार्यव्यवस्था परामर्श समितिबाट अन्तिम कार्यसूची पारित हुन बाँकी छ। सत्ता समीकरणमा आएको फेर बदलसँगै नेपाली कांग्रेस विपक्षी बेञ्चमा बस्नेछ भने दुई वर्षभन्दा बढी समयदेखि प्रतिपक्षमा रहेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) सत्ता पक्षको बेञ्चमा बस्ने भएको छ। नयाँ सत्ता गठबन्धन निर्माणका क्रममा नेकपाले दलित अधिकार सम्बन्धी विधेयक प्रदेशसभामा अघि बढाउनुपर्ने शर्त राखेको थियो। मुख्यमन्त्री उक्त शर्तमा सहमत भएपछि मन्त्रिपरिषद्ले विधेयक प्रदेशसभामा दर्ता गर्ने निर्णय गरेको थियो।पहिचान पक्षधरको आन्दोलनका क्रममा प्रदेशसभा भवन आगजनीबाट ध्वस्त भएपछि विराटनगर महानगरपालिकासँगको सहकार्यमा वीरेन्द्र सभागृह भाडामा लिएर प्रदेशसभा बैठक सञ्चालन हुँदै आएको थियो। आजदेखि भने कटहरी गाउँपालिका-१ स्थित फलफूल तथा तरकारी थोक तथा खुद्रा बजारको पुरानो संरचना मर्मत गरी तयार पारिएको अस्थायी सभाहलबाट प्रदेशसभा सञ्चालन गरिनेछ। उक्त परिसरमा संसदीय दलका कार्यालय, प्रदेशसभा सचिवालय, सभाहल, सुरक्षा गृह तथा चमेनागृहसमेत निर्माण गरिएको छ।